जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू



www.jaleshwortoday.com

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष ११ • अंक ४१ • २०८० मंसिर १८ गते सोमवार • 4 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## मधेश प्रदेशमा लागूऔषध विरुद्धको अभियान सुरु

जलेश्वरटुडे समाचारदाता
धनुषा, १७ मंसिर

मधेश प्रदेशमा लागूऔषध विरुद्धको अभियान सुरु भएको छ। मुख्यमन्त्री सरोजकुमार यादवले आइतबार महोत्तरीको बर्दिबासमा लागूऔषध विरुद्धको अभियानको उद्घाटन गर्नुभयो।




मधेश प्रदेश प्रहरी कार्यालयले आयोजना गरेको लागूऔषध विरुद्धको अभियानको उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री यादवले यो अभियानलाई सहयोग गर्न अभिभावकहरुमा आग्रह गर्नुभएको छ । अभिभावकले आफ्नो सन्तानको निगरानी गर्नुपर्छ, उहाँले भन्नुभयो- आफ्नो सन्तानको निगरानी गरेपछि लागूऔषध दुर्व्यसनीको संख्या घटनेछ । छोरा घरबाट निस्किने र फर्किने समयको निगरानी गर्नुस्। छोरा पक्राउ परेपछि छुटाउनमा लाग्नुभन्दा लागूऔषध सेवन नै नगर्ने गरी निगरानी गर्न मुख्यमन्त्री यादवले अभिभावकलाई आग्रह गर्नुभयो। कार्यक्रममा गृह, संचार तथा कानुन मन्त्री मोहम्मद समिमले लागूऔषधले बुवाआमाको

बांकी पृष्ठ २ मा।

## ३२ औं अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा कम्बल बितरण

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १७ मंसिर

३२ औं अन्तराष्ट्रिय अपाङ्ग दिवसको अवसरमा मटिहानी नगरपालिकाको कार्यालय धिरापुरमा आयोजित कार्यक्रममा मटिहानी नगरपालिकाका अपाङ्गहरुलाई मटिहानी नगरपालिकाका नगर प्रमुख (मेयर) श्री हरि प्रसाद मण्डलज्यूले कम्बल (Blanket) बितरण गर्नुभयो।

उक्त कार्यक्रममा मटिहानी नगरपालिकाका ४० जना अपाङ्गहरुलाई कम्बल (ब्लिलपभत) बितरण गरिएको कुरा महिला



वालवालिका तथ ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा दासज्यूले बताउनु भयो। कार्यक्रममा उप-प्रमुख श्रीमती मन्जु देवी साहज्यू,वड़ा नं.१,२,३,४ र ८ का वड़ा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत श्री चन्द्रशेखर शर्माज्यू,स्वास्थ्य शाखा प्रमुख श्री पवन कुमार मण्डलज्यू,योजना अधिकृत श्री राजेश कुमार शर्माज्यू,शिक्षा शाखा

बांकी पृष्ठ २ मा।

## धान काटेर ओसारीरहेको अवस्थामा एक वालिका माथी वलात्कार

जलेश्वरटुडे समाचारदाता
धनुषा, १७ मंसिर

धनुषाको बटेश्वरमा धान काटेर ओसारीरहेको अवस्थामा एक वालिका माथी वलात्कार भएको छ ।

धनुषाको वटेश्वर गाउँपालिका वडा नम्बर ४ स्थित आफनै खेतमा धान काटन आएकी एक १४ वर्षिय वालिकालाई धान ओसर्ने क्रममा उँखुवारीमा लगेर वलात्कार गरेको पिडित परिवारले आरोप लगाएका छन ।



पडित परिवारका अनुसार सोही ठाउँ बस्ने राम दुलार महतोको खेतमा सवै परिवार धान काटेर साँझ करिब ६ वजे धान ओसार्ने क्रममा राम दुलार महतोको छोरा २८ वर्षीय नविन महतोले घर आउने क्रममा एक्लै भएको अवस्थामा उँखुवारीमा लगेर वलत्कार गरेको हो। पीडित परिवारले आरोपी विरुद्ध दिएको उजुरी पश्चात ईलाका प्रहरी कार्यालय महेन्द्रनगरले पिडित वालिकाको स्वास्थ्य परिक्षण गराएको छ भने वलात्कार पश्चात फरार रहेको नविनको खोजतलास सुरु गरेको प्रहरीले जनाएको छ ।

## अब कुनै पनि हालतमा राजसंस्था स्थापित हुदैन:निधि

जलेश्वरटुडे समाचारदाता
धनुषा, १७ मंसिर

मुलुकमा राजावादीहरु सक्रिय रहेको बेला नेपाली काँग्रेसका नेता विमलेन्द्र निधिले अब कुनै पनि हालतमा राजसंस्था स्थापित नहुने दाबी गरेका छन्।

जनकपुरधाममा शनिबार आयोजित एक कार्यक्रममा बोल्दै उनले पटक पटकको आन्दोलनले प्राप्त गणतन्त्र र संघीयतालाई कसैले समाप्त गर्न नसक्ने धारणा राखे । नेता निधिले दुईचार जना राजाका समर्थकले चाहँदैमा नेपालमा राजतन्त्र स्थापित हुन सक्दैन भन्दै नेपाली जनताको बलिदानी र त्यागसंग कसैले




खेलवाड गर्न नसक्ने उल्लेख गरे। 'गणतन्त्र तथा संघीय व्यवस्थाको पक्षमा रहेका दलहरुले अहिले एक जुट हुनु आवश्यक रहेको छ' उनले भने, प्रदेश सरकार कमजोर भएकाले संघीयता विरोधी स्वर बढ्दै गएकोले संघीय सरकारले अविलम्ब प्रदेश प्रहरी र प्रदेश निजामती कर्मचारी ऐन बनाउन अपरिहार्य रहेको छ ।

बांकी पृष्ठ २ मा।








जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# महिला उत्थानमा वरदान

*बहुदलीय प्रजातन्त्र र लोकतान्त्रिक गणतन्त्र आएपछि स्थितिमा केही सुधार भएको छ । राजनीतिक, सामाजिक, आर्थिक हरेक क्षेत्रमा महिलाको सशक्त उपस्थिति बढिरहेको छ । महिला पुरुषभन्दा कुनै पनि क्षेत्रमा कमजोर छैनन् भन्ने प्रमाणित भएको छ । नेपालमा महिलामाथि हिंसा र विभेद व्याप्त छ । नेपाली समाज हिन्दु धर्म, संस्कार र संस्कृतिबाट प्रभावित समाज हो । पितृसत्तात्मक संरचनाले मुलुकको सामाजिक, आर्थिक, राजनीतिक, कानुनी सबै क्षेत्रमा गहिरो प्रभाव पारेको छ । खास गरी छोरालाई महत्व दिने प्रचलनले गर्दा महिलामाथि विभेद भएको पाइन्छ । जन्मदेखि मृत्यु संस्कारसम्म छोरा र छोरीमा भेदभाव गरिन्छ ।*

*महिला घरेलु हिंसा, कुरीति, कुसंस्कार, छोरी भ्रुण हत्या, कुटपिट, गालीगलौज, बालविवाह, बहुविवाह, बहुपति प्रथा, बैनाबट्टा, बलात्कार, यौनजन्य हिंसाहरू, चेलीबेटी बेचबिखन, दाइजो प्रथा, तिलक प्रथा आदि सहन बाध्य छन् । यतिले मात्र नपुगेर २१ सौँ शताब्दीमा आएर बोक्सी, डङ्गिनी, चुडेलको आरोप खेप्नसमेत बाध्य छन् । त्यसका लागि समाजले दिएको यातना खेपिरहेका छन् । यसका साथै देउकी, कुमारी, झुमा प्रथाका कारण थप समस्यामा छन् । विधुवामाथि भएका हिंसा अझ कहालीलाग्दो छ ।*

*हिंसा भन्ने सानो, ठुलो, धेरै, थोरै हुँदैन । हिंसा भनेको हिंसा नै हो । कहीँ, कतै होस् वा आफैँलाई हिंसा हुनेबित्तिकै बाहिर ल्याउनु पर्छ र पीडकलाई उचित राजायको दायरामा ल्याउनु पर्छ । हामी स्वयं अगाडि बढ्नु पर्छ । हामी आफैँ अगाडि नबढे कसैले हाम्रो लडाइँ लडी दिँदैन । त्यसैले हामी सबै मिली महिला हिंसा अन्त्यको लडाइँ लड्नु पर्छ । जुन समाज र मुलुकमा महिलाको सम्मान र सुरक्षा हुँदैन, त्यो समाज र मुलुक सभ्य, सुसंस्कृत र विकसित मानिँदैन । सबै किसिमको भेदभाव र हिंसाविरुद्ध हामी सबै एक हौँ ।*

*मधेश प्रदेशमा लागूऔषध..........*

सपनामा पानी खन्याएको जिकिर गर्नुहुँदै यो अभियानमा सहयोगको लागि आग्रह गर्नुभयो । उहाँले भन्नुभयो-लागूऔषधले समाजमा विकृति बढाएको छ। प्रदेश सरकारको यो अभियानमा सबै पक्षको सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो । मधेश प्रदेशको आठै जिल्लामा लागूऔषधको कुलतमा लागेका युवाहरुलाई मनोपरामर्श दिइने लगायतको कार्यक्रमहरु गरिने मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले जानकारी दिनुभयो। कार्यक्रममा मधेश प्रदेशका पूर्व गृह तथा संचारमन्त्री एवम् प्रदेशसभा सदस्य भरतप्रसाद साह, प्रदेशसभा सदस्य शारदा थापा, बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लाद क्षेत्री लगायतले आ आफ्नो मन्तव्य राख्नुभएको थियो।

*३२ औं अन्तराष्ट्रिय अपाङ्ग.......*

प्रमुख श्री चन्देश्वर साहज्यू, सि. अ. हे.व.अधिकृत श्री नागेश्वर पाण्डेयज्यू, अपाङ्ग समन्वय समितिका सदस्यज्यूहरु, मटिहानी नगरपालिकाका अपाङ्गहरु, अभिभावकज्यूहरु लगायतका सहभगिता रहेको थियो। यस अघि अपाङ्ग दिवस कै अवसरमा जनचेतना मूलक रैली समेत निकालिएको थियो।

*अब कुनै पनि हालतमा......*

संघीयताको सवालमा मधेश जस्तै अन्य प्रदेशहरुले पनि सक्रियताका साथ आवाज उठाउनु पर्नेमा नेता निधिले जोड दिए। नेपाली कांग्रेस संघीय सर कारको प्रमुख घटक हो। प्रहरी समायोजन र निजामती ऐनका लागि नेता निधिले प्रदेश राजधानीमा बोल्ने गरे पनि सरकारमाथि दबाब दिन प्रभावकारी काम नगरेको आरोप प्रदेश सरकारका मन्त्रीहरुले लगाउँदै आएका छन्। मधेश प्रदेशको गृहमन्त्री नेपाली कांग्रेसका मोहम्मद समिम रहेका छन् । मधेश प्रदेशमा पनि कांग्रेस ठूलो सत्ता साझेदार हो । प्रदेशमा कुनै कम्पनी खोल्नु पर्यो भने काठमाण्डु जानु नपरोस्, प्रदेशकै राजधानीमा त्यसको अन्तिम फैसला होस् भनेर त्यसका लागि स्थानीय स्तरमै कर्मचारी प्रशासन चाहिने नेता निधिले बताए। सकेसम्म आफ्नो देशमा नै रोजगारी गर्नुपर्नेमा जोड दिँदै उनले बाहिर गएर सिकेका सीप नेपाल आएर सदुपयोग गर्न सकिने बताए।


मंसिर १७ गते आईतवार सशस्त्र प्रहरी बल नेपाल ९ नं. गण जलसागरमा निर्माण हुने ४ कोठे अतिथि गृहको शिलान्यास ।

# सिरहाको लहानमा भीषण आगलागी हुदा लाखौको क्षती



गणेश कुमार सिंह
सिरहा, १७ मंसिर

मधेश प्रदेशको सिरहा जिल्लाको लहान नगरपालिका ३ स्थित नेपाल साइकल स्टोरमा आज करिब १:३० बजे आगलागी हुँदा करिब ६० लाख रुपैयाँबराबरको क्षति भएको छ । इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टका अनुसार स्थानीय सुनीलकुमार अग्रवालले सञ्चालन गरेको नेपाल साइकल स्टोर्समा आइतबार दिउँसो करिब १:३० बजेतिर भीषण आगलागी भएको हो।

भने उक्त आगलागीमा बिक्रीका लागि तयारि अवस्थामा राखिएका नयाँ साइकल मोटरसाइकल अटोरिक्साका टायर ट्युबका साथै पार्टपुर्जालहरु जल्दा करिब ६० लाख बरावरको क्षति भएको अनुमान गरिएको प्रहरी नायव उपरीक्षक भट्टले जानकारी दिए । इलाका प्रहरी कार्यालय लहानबाट पुगेको प्रहरी, स्थानीय बासिन्दा, लहान नगरपालिका तथा गोलबजार नगरपालिकाको बारुणयन्त्र र स्थानीयको प्रयासमा आगो करिब २ बजेतिर नियन्त्रण भएको थियो। प्रहरीका अनुसार आगलागीको कारण नखुलेको र प्रहरीले क्षतिको यकिन विवरण संकलनसहित घटनाको अनुसन्धान गरिरहेको छ।




## तपाईको टुडे

मेषः मित्रतामा फाटो आउने
वृषः मनमा पछुतो आउने
मिथूनः खानपानमा समस्या आउने
कर्कटः पिछडेको साथी मिल्ने
सिंहः आम्दानी हुने
कन्याः लामो यात्राको योग छ
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः अनावश्यक खर्चको संभावना
धनुः अनावश्यक चिन्ता
मकरः पढाईमा ध्यान दिनुपर्ने
कूम्भः विचार गरेर बोल्नुहोला
मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# हिमपातका कारण म्युनिखमा सात सय उडान रद्द, बस तथा रेल सेवा स्थगित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ मंसिर

भारी हिमपातका कारण शनिबार जर्मनीको म्युनिख विमानस्थल हुँदै हुने करिब ७६० उडानहरू रद्द गरिएका छन् । सीएनएनले विमानस्थलका प्रवक्तालाई उद्धृत गर्दै जनाए अनुसार हिमपातका कारण म्युनिखमा बस, ट्राम र केही रेल सेवाहरू समेत बन्द गरिएको छ।



जर्मनीको राष्ट्रिय रेलवे कम्पनी ड्युचे बानका अनुसार म्युनिखको केन्द्रीय रेल स्टेशन आगमनका लागि बन्द गरिएको छ भने, लामो दूरीका अन्य यातायातका सेवाहरू पनि स्थगन गरिएको छ । रेल यातायात सोमबारसम्म 'गम्भीर रूपमा प्रभावित' हुने पनि कम्पनीले जनाएको छ। यसबाट ठुलो सङ्ख्यामा यात्रुहरू म्युनिखको मुख्य स्टेशनमा अलपत्र परेको जर्मनीमा आधारित अखबार सुदेट्च जेतुङलाई उद्धृत गर्दै समाचार सम्प्रेषण गरिएको छ। प्रकाशनसँग कुरा गर्दै एकजना यात्रुले भने, 'म एक बजेदेखि यही ठाउँमा बसेको छु।' अर्का यात्रुले सीएनएनसँग आफूहरू त्यहाँबाट बाहिर निस्कन पाउँछौं कि पाउछदैनौं भन्ने जिज्ञासा राखेका छन्।

# घटेर बन्द भयो नेप्से, ९६ करोडको कारोबार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ मंसिर

नेपाल स्टक एक्सचेञ्ज (नेप्से)मा आज ७.२९ अंकले घटेर बन्द भएको छ । कारोबार सुरु भएदेखि नै घट्न थालेको नेप्से परिसूचक ०.३९ प्रतिशतले खुम्चिएको हो । ७ अंकले घटेर बन्द भएसँगै परिसूचक १८५१ अंकमा आएर रोकिएको छ ।




यसक्रममा आज ३४ लाख १९ हजार कित्ता सेयर किनबेच भएर ९६करोड रुपैयाँभन्दा धैरैको कारोबार भएको छ । ९४ कम्पनीको सेयर मूल्य घट्दा १३६ कम्पनीको भने घटेको छ। यस्तै, १० कम्पनीको मूल्यमा कुनै पनि घटबढ भएको छैन । परिसूचक घटेपनि आज थ्री स्टार हाइड्रोपावर लिमिटेडको सेयर मूल्य ९.६३ प्रतितशले बढेको छ ।

यस्तै, सबैको लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य समेत ९.०४ प्रतिशतले बढेको छ। आज माउन्टेन इनर्जी नेपाल लिमिटेडको सेयर मूल्य ९.९९ प्रतिशतले घट्दा युनाइटेड आईडीआई मार्दी आरबी हाइड्रोपावरको समेत सोही प्रतिशतले मूल्य घटेको छ । यस बाहेक, एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको सेयर मूल्यमा भने ९.९८ प्रतिशतको गिरावट आएको छ ।

# सकियो कपिल शर्मा र सुनिल ग्रोवरको झगडा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ मंसिर

कमेडियन कपिल शर्मा र सुनिल ग्रोवरबीच वर्षौंदेखि चलिरहेको झगडा अब भने समाप्त भएको छ। नेटफ्लिक्सको अपकमिङ शोमा दुबै जनासँगै देखिदैंछन्। यी दुई आफ्नो पुरानो टिमसँग पुन: साथसाथ नयाँ शोमा आउन लागेका हुन्।




दुबैका फ्यानहरूका लागि यो निकै खुसीको खबर हो। गएको ६ वर्षदेखि यी दुईबिच झगडा चलिरहेको थियो। दुवैले कपिल शर्मा शोमा सँगै काम गरेका थिए। तर एउटा झगडाका कारण दुवैको सम्बन्ध बिग्रिएको थियो । **नयाँ प्रोजेक्टमा साथ देखिदैंछन् कपिल र सुनिल** नेटफ्लिक्सले यो खबरलाई औपचारिक रुपमा शेयर गरेको छ। एउटा भिडियोमा कपिलको साथमा सुनिल देखिएका छन् । भिडियोको शुरुआतमा दुवैले फरक अन्दाजमा इन्ट्रोडोक्शन दिएका छन्। फ्यानहरूलाई नयाँ प्रोजेक्ट आउन लागेको सन्देश दिएका छन् । कुराकानी गर्ने क्रममा हामी १९० भन्दा धेरै देशमा आउने वाला छौं भनेर कपिलले भनेका छन्।

त्यसको उत्तरमा सुनिलले चाँहि हामी अस्ट्रेलिया जाँदैनौ भन्छन्। तर कपिलले होइन अस्ट्रेलिया त जाने हो, त्यहाँ मानिसहरू हामीलाई कुरिरहेका छन् भन्छन् । यो सुनेर सुनिलले एउटा शर्त राख्छन्, हवाईजहाजबाट होइन, सडक भएर जाने । शोमा यी दुईको साथमा राजीव ठाकुर, किकु शारदा, अर्चना पूरन सिंह र कृष्णा अभिषेक पनि देखिदैंछन् । **किन भएको थियो दुईबिच झगडा ?** कपिल र सुनिलबीच ६ वर्षअघि अष्ट्रेलियाबाट फर्किने क्रममा फ्लाइटमा झगडा भएको थियो । ह्विस्कीको पूरै बोतल सिध्याएर बसेका कपिलले नशाको तालमा कपिल शर्मा शोका अन्य सदस्यहरूसँग दूर्व्यवहार गरेका थिए। सुनिलले सम्झाउन खोज्दा उल्टै उनलाई जुत्ताले हानेर तथानाम गाली गरेका थिए।

# आईपीएलको 'अक्सन' दुबईमा हुने




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ मंसिर

इन्डियन प्रिमियर लिग (आईपीएल) को 'अक्सन' (लिलामी) दुबईमा हुने भएको छ। आइतबार अक्सन हुने स्थानबारे आईपीएलले 'एक्स' मार्फत जानकारी दिएको हो । दुबईको एउटा भवनको तस्बिरसहित आईपीएलले 'एक्स'मा लेखेको छ, 'तपाईंहरु तयार हुनुहुन्छ ?' अक्सन आगामी पुस ३ गते हुने जनाइएको छ। मङ्सिर १० गते आईपीएलका सबै टिमले रिलिज र रिटेन गरेका खेलाडीको सूची सार्वजनिक गरेका थिए । आईपीएलमा १० फ्रेन्चाइजीले कुल ७७ खेलाडी लिन बाँकी छ । शुक्रबार आईपीएलले सबै फ्रेन्चाइजीलाई एक हजार १६६ खेलाडीको सूची बुझाएको छ, जो आईपीएलमा लिलामीका लागि आफ्नो नाम दर्ता गराएका छन् । तीमध्ये एसोसिएट देशका ४५ खेलाडी छन् ।

यस्तै अन्क्याप्ड (आफ्नो मुलुकको राष्ट्रिय टिममा नखेलेका) ९०९, भारतकै राष्ट्रिय टिममा खेलिसकेका १८ खेलाडी छन् ।






——कामनी व्यूटी पार्लर——

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# लोकआस्थाको संकटमा राजनीति

-अचेल प्रधानमन्त्री स्वयम्ले २०६२-६३ को जनआन्दोलनको उपलब्धिका रूपमा संविधानले संस्थागत गरेको गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता संकटमा छ भन्न थालेका छन्। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले धर्मनिरपेक्षतामाथि बहस गर्न सकिन्छ भनेका छन्। **लोकआस्थाको संकटमा राजनीति** राजनीतिक समावेशिताको मानक बनेको समानुपातिक प्रतिनिधित्वबारे पुनर्विचार गर्नुपर्नेमा कांग्रेस र एमालेको करिब समान धारणा सुनिन्छ। राजतन्त्र र हिन्दुराज्य पुनःस्थापनाको मुद्दा बोकेर राजनीति गरिरहेको राष्ट्रिय प्रजातन्त्र पार्टीलाई एक्लो दुर्गा प्रसाईंले उछिनेर फालिसकेको राजतन्त्र ब्युँताउन कथित सामाजिक सञ्जाल मात्र होइन, काठमाडौंको सडक नै तताए।

उनलाई चक्रपथभित्र छिर्न नदिन सरकारले निषेधाज्ञा जारी गर्‍यो जुन अझै जारी छ। टिकटक प्रतिबन्धित भयो। प्रसाईंको नाटक अहिले साम्य छ। तर भोलि अर्को कुनै पात्रले यस्तै राजनीतिक स्टन्टबाजी नगर्ला भन्न सकिन्न। राजनीति फोहोरी खेलको अखडा बनेपछि यस्ता कर्म-कुकर्म नौला हुँदैनन्, नियमित हुन्छन्, भइरहेका छन्। संविधानले गणतन्त्र, संघीयतालगायत कुनै पनि कुरालाई असंशोधनीय भनेको छैन। संविधानद्वारा निर्धारित प्रक्रियाबाट राजसंस्था र हिन्दु राज्य पनि पुनःस्थापित गर्न सकिन्छ। संघीयता र समानुपातिक प्रतिनिधित्व खारेज गर्न सकिन्छ। यो संविधानका प्रमुख निर्माता कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी दलहरूको संघीय संसद्मा ७५ प्रतिशतभन्दा बढी बहुमत छ। जनआन्दोलन-२०६२/६३ का सहयात्री जनता समाजवादी र लोकतान्त्रिक समाजवादीसमेत जोड्दा यो संख्या ८० प्रतिशत नाघ्छ। यिनले नचाहे कसरी फेरिन्छ संविधान ? यो संविधानकै समाप्ति हुने गरी राजतन्त्र र हिन्दुराज्य पुनःस्थापनाको नारा राष्ट्रिय प्रजातन्त्र पार्टीको मात्र हो। संसद्मा उसको भूमिका खासै आपत्ति र असहमति जनाउनुपर्ने खालको पनि छैन, मर्यादित नै छ।

तसर्थ संविधानप्रदत्त प्रक्रियाबाट यो संविधानका मौलिक एवं विशिष्ट मूल्य एवं सरचनाका रूपमा रहेका गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समानुपातिक प्रतिनिधित्व र समावेशिता संशोधन भइहाल्छन् भनेर पत्याउने ठाउँ छैन। मानौं संविधान संशोधनको बाटोबाट यी कुरा खारेज गरिए, त्यसपछि यो संविधानको कस्तो रूप बाँकी रहला ? त्यो २०१७ सालमा राजा महेन्द्रले गरेको भन्दा पनि भयंकर प्रतिक्रान्ति हुन्छ। प्रश्न उठ्छन्– के यो सम्भव छ ? के नेपालको राजनीति र जनमत त्यतातिर अभिमुख भएको हो ? के अब राजनीतिक नेतृत्वको कमान्ड दुर्गा प्रसाईं, राजेन्द्र लिङ्देन, रवीन्द्र मिश्रहरूलाई वारेस बनाएर ज्ञानेन्द्र शाहका हातमा पुगेको हो ? बाह्र वर्षपछि खोला फर्किन्छ भन्ने उखान छ, के राजनीति पनि त्यस्तै हो ? राजनीतिमा केही प्रवृत्तिको उतार-चढाव हुन्छ, तर इतिहास उल्टो गतिमा हिँड्दैन। मानिसको शारीरिक विकास मात्र होइन, उसको चेतना र चिन्तनको गति पनि निरन्तर प्रगतिशील छ। कुनै बेला संसारभरि राजतन्त्र मात्रै थियो, कहाँ बिलाए ती राजाहरू। इजिप्टका राजा फारुकले सन् १९४८ मा आफूलाई भेट्न आएका बेलायती कृषिविज्ञ जोन बाऐड-ओरलाई भनेका थिए, 'अन्ततः विश्वमा तासका चार र बेलायतका एक बादशाह मात्र बाँकी रहनेछन्।' उनी भविष्यद्रष्टा रहेछन्, त्यसको चार वर्ष नबित्दै सन् १९५४ मा आफैं फालिए। म बुझ्ने भइसकेपछि अफगानिस्तानमा सन् १९७३ मा सोभियत रुसको प्रायोजनमा कम्युनिस्ट 'कु' भयो, राजा जाहिर शाह फालिए। इथियोपियाका सम्राट् हेले सेलासी फालिए सन् १९७४ मा र त्यहाँ ३ हजार वर्ष पुरानो राजतन्त्र उन्मूलन भयो। सन् १९७९ मा इरानका शहंशाह फालिए। चार वर्षअघि मात्र त्यहाँ राजतन्त्रले २५ सय वर्ष पूरा गरेको भनेर धुमधामले खुसियाली मनाइएको थियो। राजतन्त्र गएपछि अफगानिस्तान, इथियोपियाको राजनीतिक इतिहास पनि त्यति राम्रो छैन; हिंसात्मक, धार्मिक द्वन्द्व चल्यो र बाह्य हस्तक्षेप समेत भयो।

*सांभार: अनलाईन खबर।*





## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाइप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस।

–: दिलीप कुमार साह :–
सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


# त्रिभुवन विमानस्थलमा यात्रुको ह्यान्डब्यागमा रहेको पावर बैंक पड्किँदा आगो लाग्यो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १७ मंसिर



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र चीन जान लागेका एक यात्रुको ह्यान्डब्यागमा आगो लागेको छ। प्रतीक्षालयमा बसिरहेकी एक चिनियाँ यात्रुको ह्यान्डब्यागमा आज आइतवार आगो लागो लागेको हो। उनी जान लागेको विमान एअर चाइनाको उडान हुनै लागेको थियो।

बोर्डिङ पास लिएर विमानमा चढ्नुभन्दा अघि प्रतीक्षालयमा बसिरहेकी उनको पावर बैंक शर्ट भएर पड्किँदा ह्यान्डब्यागमा आगो लागेको विमानस्थलका प्रवक्ता सुभाष साहले बताउनुभयो। यात्रुको ह्यान्डब्यागमा लागेको आगो तत्काल निभाइएको प्रवक्ता साहले बताउनुभयो। ती यात्रुले पिठिउँमा ह्यान्डब्याग बोकेकी थिइन्। ह्यान्डब्यागभित्र रहेको पावर बैंकमा जोडेर आइप्याड चलाइरहेको बेला पड्किएर आगो लागेको हो। उनी सुरक्षित रहेको विमानस्थलले जनाएको छ।









# मोटरसाईकल ठक्कर हुँदा खसेका युवकलाई बसले किच्यो, घटनास्थलमै मृत्यू

जलेश्वरटुडे समाचारदाता
सर्लाही, १७ मंसिर



दुई मोटरसाईकल जुध्दा राजमार्गमा खसेका एक युवकलाई बसले किचेर मृत्यू भएको छ।

सर्लाहीको बागमतीमा बसको ठक्करबाट एक युवकको मृत्यु भएको हो। शनिबार साँझ पूर्वपश्चिम राजमार्गमा पर्ने बागमती नगरपालिका ४ पुरानो चौकीमा दुई मोटरसाइकल आपसमा ठक्कर खाँदा उछिट्टिए सडकमा खसेका युवकलाई बसले किचेको हो।

मृतक युवकको अझै सनाखत नभएको प्रहरीले जनाएको छ। उनको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको छ। तीव्र गतिमा रहेको प्र२ ०३ ००६ प ६७ मोटरसाइकल र बा २ ब ५७६६ नम्बरको मोटरसाइकल आपसमा जुध्दा प्र२ ०३ ००६ प ६७ नम्बरको मोटरसाइकलमा सवार युवक सडकमा खसेका थिए। त्यहीबेला मलंगवाबाट काठमाडौं तर्फ जाँदै गरेको ना७ ख १८३६ नम्बरको बसले किच्दा युवकको घटनास्थलमै मृत्यु भएको सर्लाहीका डीएसपी दीपेन्द्र पञ्जियारले नेपालखबरलाई जानकारी दिए। दुर्घटनापछि बसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनामा परेको मोटरसाइकलका चालक भागेको कारण मृतक युवकको सनाखतमा समस्या परेको डीएसपी पञ्जियारले बताए। घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday